बैठक नं :११

आज मिति २०७४ साल चैत्र १६ गतेका दिन विहान ११.०० वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्तीज्यूको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा वैठक वसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | भेरी न.पा. ६, जाजरकोट | |
| २ | श्री भावना भण्डारी | नगर उप प्रमुख | भेरी न.पा. ३, जाजरकोट | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | भेरी न.पा. १ जाजरकोट | |
| ४ | श्री कालि वहादुर वली | वडा अध्यक्ष | भेरी न.पा. २ जाजरकोट | |
| ५ | श्री लिला वहादुर शाह | वडा अध्यक्ष | भेरी न.पा. ३ जाजरकोट | |
| ६ | श्री खम्व जंग शाह | वडा अध्यक्ष | भेरी न.पा. ४ जाजरकोट | |
| ७ | श्री श्याम लाल जैसी | वडा अध्यक्ष | भेरी न.पा. ५ जाजरकोट | |
| ८ | श्री शसिराम वुढा | वडा अध्यक्ष | भेरी न.पा. ६ जाजरकोट | |
| ९ | श्री चन्द्र वहादुर शाही | वडा अध्यक्ष | भेरी न.पा. ७ जाजरकोट | |
| १० | श्री कर्ण वहादुर कार्की | वडा अध्यक्ष | भेरी न.पा. ८ जाजरकोट | |
| ११ | श्री ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | भेरी न.पा. ९ जाजरकोट | |
| १२ | श्रीठकेन्द्र वहादुर राना | वडा अध्यक्ष | भेरी न.पा. १० जाजरकोट | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | भेरी न.पा. ११ जाजरकोट | |
| १४ | श्री निम वहादुर भनारी | वडा अध्यक्ष | भेरी न.पा. १२ जाजरकोट | |
| १५ | श्री गोपाल वहादुर वटाला | वडा अध्यक्ष | भेरी न.पा. १३ जाजरकोट | |
| १६ | श्री पार्वती वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १७ | श्री मनकला नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १८ | श्री विन्दु शाही | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| १९ | श्री सृजना वि.क. | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २० | श्री विर वहादुर वादी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २१ | श्री मिना पुन | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २२ | श्री भद्रकला डाँगी | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २३ | श्री रति नेपाली | नगर कार्यपालिका सदस्य | भेरी न.पा. १० जाजरकोट | |
| २४ | तुलाराम गिरी | सचिव (नि. प्रमुख प्रशासकिय अधिकृत) | भेरी न.पा. १३ | |
| २५ | डम्वर वहादुर विष्ट | लेखापाल | भेरी न.पा. कार्यालय | |
| २६ | श्री केदार वहादुर कार्की | खरिदार | भेरी न.पा. न.का. कार्यालय | |
| २७ | श्री गौरी वहादुर कार्की | जि.बि. अध्यक्ष | भेरी न.पा. ८ | |
| २८ | | | | |
| २९ | | | | |
| ३० | | | | |
| ३१ | | | | |

Scanned by CamScanner

प्रस्तावहरु

१.काठमाण्डौं सांस्कृतिक महोत्सव माग सम्वन्धमा ।

२. छेडागाढ माछा महोत्वसव वजेट माग सम्वन्धमा ।

३. कृष्ण मन्दिर वडा नं ४को थ वजेट माग सम्वन्धमा ।

४. व्यामिन्ट कोर्ड निर्माण सम्वन्धमा ।

५. पशु विकास शाखा कार्यक्रम विविध अनुमोदन र कार्यक्रम स्वीकृती सम्वन्धमा ।

६. उपभोक्ता समिति कार्यविधि स्वीकृती सम्वन्धमा ।

निर्णयहरु :-

१.काठमाण्डौमा संचालन हुने जाजरकोट साँस्कृतिक महोत्वसका लागि यस नगरपालिकासंग आर्थिक सहयोग माग भै आएकोमा उक्त महोत्सव संचालनका लागि यस नगरपालिकावाट रकम रु ३०००००। तीन लाख रुपैया पुँजिगत तर्फको मौज्दात समपुरक कोषवाट उपलव्ध गराउने ।

२.छेडागाढ नगरपालिका अर्न्तगत थलह वजारमा संचालन भएको जाजरकोट माछा महोत्सवका लागि आर्थिक सहयोग माग भै आएकोमा उक्त महोत्सवका लागि नगरपालिकावाट रकम रु १०००००। एक लाख रुपैया मौज्दात समपुरक कोषवाट उपलव्ध गराउने ।

३.भेरी नगरपालिका वडा नं ४ को गैरीखालीमा निर्माणाधिण कृष्ण मन्दिर निर्माण विनियोजन रकमवाट सम्पन्न हुन नसक्ने भएकाले अव थप लाग्ने रकम प्राविधिक लागत अनुमान गरि लागत अनुमान अनुसारको रकम मौज्दात समपुरक कोषवाट उपलव्ध गराउने ।

४. भेरी नगरपालिकाको वडा नं ३ ठाँटीमा रहेको जिल्ला वन कार्यालयको स्वामित्वमा रहेको जग्गामा व्याडमिन्टन कोड निर्माण गर्नका लागि नगरपालिकावाट प्राविधिक लागत अनुमानको आधारमा वजेट भुक्तानी दिने गरी समपुरक कोषवाटवाट विनियोजन गर्ने ।

५ भेरी नगरपालिका अर्न्तगत पशुपंक्षी शाखावाट नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालय वाट जारी गरिएको पशुपंक्षी वजार प्रवर्द्धन कार्यक्रम कायान्वयन कार्यविधि २०७४ को परिच्छेद ३ को दफा ६ मा भएको प्रस्ताव छनौट व्यवस्था को (कं) प्रस्ताव मुल्यांकन गरी छनौट समिति गठन गर्ने छ लाई संशोधन गरि निम्नानु सिफारिस गर्न निम्नानुसार मुल्यांकन समिति गठन गर्ने ।

क) प्रमुख प्रशासकिय अधिकृत संयोजक
ख) योजना शाखा सदस्य
ग) लेखा शाखा सदस्य
घ) पशुपंक्षी शाखाको प्रमुख सदस्य
ङ) पशुपंक्षी शाखाको सहायक कर्मचारी सदस्य

Scanned by CamScanner

मुल्यांकन समितिवाट छनौट भई सिफारिस भएका व्यवसायको प्रस्तावलाई निम्नानुसारको अनुमोदन समिति गठन गर्ने ।

क) नगर प्रमुख संयोजक

ख) कृषि समिति सदस्य

ग) पशुपंक्षी शाखा प्रमुख सदस्य

६. यस भेरी नगरपालिका अर्न्तगत पशुपंक्षी शाखावाट कार्यान्वयन हुने कार्यक्रम अर्न्तगत सहकार्यमा घाँसको नर्सरी स्थापना गर्न प्रस्तावना माग गरी उपयुक्त व्यक्ति वा संस्थासंग सम्झौता गरी कार्यक्रम संचालन गर्ने

७.पशुपक्षि वजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७४ वमोजम अन्य कार्य संचालन गर्ने ( भेरी नगरपालिकावाट पशुपंक्षी कार्यविधि निर्माण नभए सम्म )

८.भेरी नगरपालिका वडा नं ७ मा रहेको सरस्वती मा.वि.मा कक्षा ११ र १२ संचालन गर्नका लागि नगरपालिकाको श्रोत पहिचान गरी कक्षा ११ र १२ संचालनका लागि सहयोग गर्ने ।

९.भेरी नगरपालिका वडा नं १ को रावतगाउँको खानेपानी अभाव भएको र खानेपानी थपका लागि रकम रु २०००००। दुई लाख रुपैया विनियोजन भएकोमा उक्त रकमवाट खानेपानी योजना पुरा हुन नसक्ने भएका नगरपालिकावाट श्रोत पहिचान गरी प्राविधिक लागत अनुमान अनुसार रकम उपलव्ध गराउने ।

१०. महिला मानव अधिकार रक्षक संजालको क्षमता विकासका कार्यक्रमका लागि पुँजिगत अनुदानको समपुरक कोषको वाँकी रकमवाट रकम रु १०००००। (एक लाख रुपैया) उपलव्ध गराउने ।

११. भेरी नगरपालिकाको प्रशासकिय कार्यविधि ( नियमित गर्ने ) ऐन, २०७४ को दफा ४ को अधिनमा रही तपशिलमा उल्लेखित कार्यविधिहरु अनुमोदन गरियो ।

क) भेरी नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कार्यविधि २०७४

ख) भेरी नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि २०७४

ग) भेरी नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि २०७४

१२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत रहने यस भेरी नगरपालिकामा कामकाज गर्ने गरी सूचना प्रविधि अधिकृतको पदपुर्ति गर्न निम्नानुसारको पदपूर्ति समिति गठन गरियो ।

क) निमित्त प्रमुख प्रशासकिय अधिकृत श्री तुलाराम गिरी - संयोजक
ख) ना.सु श्री सनत दवाडी . - सदस्य
ग) खरिदार श्री केदार वहादुर कार्की - सदस्य सचिव

१३. भेरी नगरपालिका वडा नं ३ कल्याणपुरको नरज्योति आधारभुत विद्यालयको तारवार गर्नका लागि श्रोत पहिचान गरि प्राविधिक लागत अनुमानका आधारमा सहयोग उपलव्ध गराउने ।

१४. यस नगरपालिकाको कृषि उपशाखावाट संचालन हुने स्वीकृत वजेट शिर्षक भित्रका स्वीकृत कार्यक्रमहरु तत्काल नगर कृषि उपशाखाको सिफारिसको आधारमा खर्च तथा कार्यान्वयन गर्ने ।

Scanned by CamScanner